# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौँ अधिवेशन

# (उन्नाइसौँ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७९।०३।२२ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ बनेर १९ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु, अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले मिति २०७९ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको बाँकी सामान्य छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई आ.व. २०७९ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/८० को राजश्व र व्ययको वार्षिक अनुमान माथिको छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय अर्थमन्त्री रामजी प्रसाद वराल जीवन**

माननीय सभामुख महोदय, २०७९/८० को बजेट वक्तव्यको सन्दर्भमा छलफल सकिएर, छलफलको प्रक्रियामा उठेका केही महत्वपूर्ण सुझावहरु, जिज्ञासाहरु, प्रश्नहरुको बारेमा सकेसम्म स्पष्ट पार्नका निम्ति म उपस्थित भएको छु। आर्थिक विधेयक बने, टेवुल भइसकेको छ, विनियोजन विधेयक टेवुल हुन बाँकी नै छ। स्वभाविक रुपमा बजेट वक्तव्यको सन्दर्भमा छलफल गर्दैगर्दाखेरी आर्थिक विधेयकको सन्दर्भमा पनि केही विषयवस्तुहरु जोडिएर उठेका

छन। विनियोजन विधेयकसित पनि जोडिएर केही विषयवस्तुहरु उठेका छन्, मैले स्पष्ट पार्न चाहन्छु। आर्थिक विधेयक सम्बन्धमा हामी लगत्तै छलफलको प्रक्रियामा जानेछौं र त्यही सन्दर्भमा उठेका विषवस्तुहरुको बारेमा स्पष्ट पार्ने प्रयत्न गर्नेछु। विनियोजन विधेयकसित जोडिएर आएका विषयवस्तुहरु पनि विनियोजन विधेयक टेवुल भएर जब छलफलको प्रक्रियामा अगाडि बढ्नेछ त्यही प्रक्रियामा यिनै जिज्ञासाहरु, सुझावहरु र केही अस्पष्टताहरुको बारेमा स्पष्ट पार्नेछु भन्ने कुरा पनि म यहाँ राख्न चाहन्छु। अहिले खास गरेर बजेट वक्तव्यसंग सम्बन्धित विषयवस्तुहरुमा स्वभाविक रुपमा करीव २२ जना माननीयज्यूहरुले असाध्यै गहन हिसावले विषयवस्तुहरुमा स्वभाविकको उठान गर्नु भएको छ, म सबै माननीयज्यूहरुप्रति हृदयदेखि नै हार्दिक आभार प्रकट गर्न चाहन्छु, किनभने यहाँहरुले दिनुभएका ती गहन, ती महत्वपूर्ण सुझावहरु प्रदेश सरकारुको निम्ति महत्वपूर्ण सम्पत्ति हुने छन्, मैले यो विश्वास लिएँ र लिएको छु। सँगसँगै विषवस्तुका हिसावले यो बजेटका प्राथमिकता र समन्वयको सम्बन्धमा पनि विधेयक उठेको थियो, किनभने यो बजेट वक्तव्य प्राथमिकतासित त्यति सम्बन्धित देखिएन भन्ने हिसावले विषयवस्तु उठेको थियो। म के स्पष्ट पार्न चाहन्छु भने, आ.व. २०७९/८० को लागि बजेट तर्जुमा गर्दा सम्मानित सभा समक्ष पेश गरिएको बजेटका सिद्धान्त र प्राथमिकता र सरकारको नीति तथा कार्यक्रमलाई आधार मानेर नै आगामी आ.व. को बजेट तयार पारिएको हो। बजेटका क्रममा उत्पादकत्व र उत्पादनको अभिवृद्धि, पर्यटन प्रवद्र्धन, औद्योगिक विकास र रोजगारी, स्वच्छ खानेपानी र नविकरणीय उर्जा, शिक्षा र सामाजिक विकास, स्वास्थ्य सेवाको सुदृढीकरण, पर्यावरणीय संरक्षण, पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्धनलाई प्राथमिकतामा राखिएको कुरा विदितै छ। त्यसो भएको हिसावले यो प्राथमिकतासित अलि सम्बन्धित भएन कि भन्ने कुरा प्रष्ट छ यो प्राथमिकतासँग नै सम्बन्धित छ मैले प्रष्ट पार्न चाहन्छु। त्यसै गरी आवाधिक योजना र दिगो विकासका लक्ष्य सम्बन्धमा जो कुराकानी उठिराखेको थियो। नेपालको संविधानमा समाविष्ट मौलिक हक, राज्यका नीति तथा सिद्धान्त, आर्थिक नीति, १५ औं पञ्चवर्षिय योजना, गण्डकी प्रदेशका प्रथम पञ्चवर्षिय योजना र लक्ष्य तथा उद्देश्य दिगो विकासका लक्ष्य, गण्डकी प्रदेशको मध्यकालिन खर्च संरचना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, राजनीतिक दलले बनाएका घोषणा—पत्र मार्फत जनता सामु गरेका प्रतिवद्धताहरुलाई नै गण्डकी प्रदेशको आगामी वर्षको बजेट निर्माणको मुख्य आधार मानिएको कुरा विदितै छ, म फेरी पनि स्पष्ट पार्न चाहन्छु। तसर्थ, प्रस्तुत बजेट र यसका कार्यक्रम, दिगो विकासका लक्ष्य, प्राप्ति र आवधिक, विकास योजनाका लक्ष्य हासिल गर्ने तर्फ केन्द्रित रहेको कुरा फेरी पनि म अनुरोध गर्न चाहन्छु यो

सम्बन्धित नै रहेको छ भनेर। अब बजेट वितरणमुखी भएको भन्ने सम्बन्धमा पनि केही प्रश्नहरु उठेका थिए। चालु आर्थिक वर्षको बजेटमा चालु र पूँजीको अनुपात ४३.५ प्रतिशत र ५५.७ प्रतिशत रहेकोमा आगामी आर्थिक वर्षको लागि चालु तर्फ ३६.९५ प्रतिशत र पूँजीगत तर्फ ६१.६६ प्रतिशत विनियोजन गरिएको छ। पूँजीगत तर्फ विनियोजन प्रदेश सरकारले स्रोत सुनिश्चित गरेका वहुवर्षिय आयोजनाको लागि प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको पनि निवेदन गर्न चाहन्छु। प्रदेश सरकार गठन पश्चात् नेपाल सरकारबाट हस्तान्तरण भएका र प्रदेश सरकारले शुरु गरेर सम्पन्न हुन नसकेका खानेपानी र सिँचाईका क्रमागत योजनाहरु यथासम्भव आगामी आर्थिक वर्षमा नै सकिने गरी बजेट विनियोजन गरिएको छ। गण्डकी विश्वविद्यालय गण्डकी प्रविधिक शिक्षा तथा व्यवसायिक. तालिम प्रतिष्ठान, प्रदेश प्रशिक्षण प्रतिष्ठान लगायतका प्रदेश र विकासका महत्वपूर्ण भूमिका निर्वाह गर्ने निकाय एवं कार्यहरुको लागि आवश्यक बजेट विनियोजना गरिएको छ। वहुसांस्कृति, वहुधार्मिक र वहु आयामिक रुपमा रहेको गण्डकी प्रदेशमा संस्कृति र ऐतिहासिक महत्वका मठमन्दिर, गुम्वा, मस्जिद, संग्रहालयका संरक्षणका लागि स्थानीय स्तरबाट माग भई आएका विशेष पूर्वाधार विकास एवं संरक्षणसँग सम्बन्धित कार्यका लागि पनि बजेट विनियोजन गरिएको छ। समृद्ध प्रदेश निर्माण गर्ने प्रदेश आवधिक लक्ष्य अनुरुप नै बजेट विनियोजन रहेको छ। साथै वितरणमुखी रहेको भन्ने भनाईमा सत्यता नरहेको पनि म सम्बन्धित सभा समक्ष जानकारी गराउन चाहन्छु। त्यसैगरी पर्यटकीय गन्तव्यको लागि न्यून बजेट विनियोजन भयो भन्ने कुरा पनि यहाँ उठेको छ। प्रदेश सरकारले पहिचान गरी **DPR** तयार गरेका प्रमुख गन्तव्य मध्ये आगामी आर्थिक वर्षमा एउटा जिल्लामा कम्तिमा एउटा पर्यटकिय गन्तव्यको पूर्वाधार विकास गर्ने गरी बजेट विनियोजन गरिएको छ। सामाजिक, सांस्कृतिक र भौगोलिक स्थितिलाई ध्यान दिँदै त्यस्ता पर्यटकीय गन्तव्यलाई थप व्यवस्थित र सदृढ गर्ने लक्ष्य लिइएको छ। यो कार्यक्रम निरन्तरता को कार्यक्रम रहेको र आगामी आर्थिक वर्षका लागि सीमित बजेट रहे तापनि कार्य प्रगति र पर्यटकीय गन्तव्यको महत्वका आधारमा थप बजेटको व्यवस्था मिलाइने व्यहोरा पनि म यहाँ जानकारी गराउन चाहन्छु । त्यसैगरी चुमनुम्री र नारफा गा.पा. मा सडक पहुँचको लागि थोरै बजेट विनियोजन भएको पनि यहाँ उठेको थियो। म के स्पष्ट पार्न चाहन्छु भने हरेक सडक पहुँच नपुगेका प्रदेशका २ वटा स्थानीय तह गोर्खाको चुनम ुम्री गाउंपालिका र मनाङको नारफा भूमि गाउंपालिकामा सडक पहुँच पुगेको छैन। सडकको पहुँच पुर्याउने कार्य प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेको कुरा विदितै छ। आगामी आर्थिक वर्षको मा उक्त सडकको **DPR** गरी कार्य प्रारम्भ गर्न बजेट

विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षमा यी आयोजनाहरुलाई बहुवर्षिय आयोजनाको रुपमा स्रोत सुनिश्चित गरी कार्यान्वयनमा लगिने व्यहोरा अथवा जानकारी पनि म सदन समक्ष राख्न चाहन्छु। त्यसैगरी कृषि सडकको बजेट बाँडफाँड यो के हो म कसरी बाँडफाँड भन्ने कुरा पनि यहाँ उठेको थियो। आगामी आर्थिक वर्षको लागि गण्डकी प्रदेशले उत्पादन र उत्पादकत्व अभिवृद्धिलाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गरेको कुरा माननीयज्यू सबैलाई जानकारी नै छ। कृषि उत्पादन र बजारीकरणमा सहकारिता सहजता ल्याउने कुरामा १ निर्वाचन क्षेत्र र १ कृषि सडकको कार्यक्रमअगाडि सारिएको हो। कृषि उत्पादनको दृष्टिकोणले महत्वपूर्ण महत्वपूर्ण ठानिएका कुरा जोन, सुपरजोन, व्लक, पकेट क्षेत्रमा सडकको पहुँच पुगेको भए सो को स्तरोन्नति र नपुगेको स्थानमा सडक पहुँच विस्तार गरी यो कार्यक्रम कार्यान्वयन गरिने छ। १ निर्वाचन १ कृषि सडक कार्यक्रम कार्यान्वयन मापदण्ड निर्माण गरी आवश्यकता अनुसार वहुवर्षिय आयोजनाको रुपमा स्रोत सुनिश्चित गरी कार्यान्वयन गरिने र यस्ता प्रकारका सडक आयोजना छनोट र कार्यान्वयनमा लैजानु पूर्व स्थानीय जन प्रतिनिधि र प्रदेश सभाका सदस्यज्यूहरुको सल्लाह र सुझावलाई ग्रहण गर्दै उहाँहरुको अपनत्व सुनिश्चित गर्ने व्यवस्था मिलाई उक्त कार्यक्रम अगाडि बढाइने व्यहोरा पनि सदन समक्ष म अनुरोध गर्न चाहन्छु। त्यसैगरी वहुवर्षिय आयोजना समयमै सम्पन्न हुन नसकेको सम्बन्धमा पनि यहाँ विषयवस्तु आएको छ। चालु आर्थिक वर्षमा पनि प्रदेश गौरवको आयोजनाहरु, पूर्वाधार विकासका आयोजनाहरु तथा खानेपानी र सिँचाई तर्फका आयोजनाहरु वहुवर्षिय आयोजनाको कार्यान्वयनमा रहेका छन्। ती मध्ये कतिपय सम्पन्न भैसकेकाछन् भने कतिपय सम्पन्न हुने चरणमा छन्। सम्पन्न हुन बांकी आयोजनाहरुलाई समयमै सम्पन्न गर्न विषयगत मन्त्रालयहरुलाई ताकेता गरिएको पनि छ र सँगसँगै आर्थिक वर्षमा उक्त आयोजनाहरु सम्पन्न हुने गरी वजेट विनियोजन गरिएको व्यहोरा सम्मानित सभा समक्ष फेरी पनि जानकारी गराउन चाहन्छु। बजेट वक्तव्यको अनुसूची १२ का सम्बन्धमा पनि यहाँ केही कुरा उठेको छ। मैले अगाडि नै अनुरोध गरिसकेको छु आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले १५ औं पञ्चवर्षिय योजना, दिगो विकासका लक्ष्यहरु, प्रदेशको पहिलो पञ्चवर्षिय योजनाका लक्ष्यहरु, सरकारका नीति तथा कार्यक्रमलाई मुख्य आधार मानेको कुरा मानिएका कुरा मैले भनिसकेको छु। वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दिगो विकासका लक्ष्यहरु हासिल गर्ने विषयमा केन्द्रित रहेर कार्यक्रम तथा बजेट विनियोजन गरिएको छ। माननीयज्यूहरुले जिज्ञासा राख्नुभएको बजेट वक्तव्यको अनुसूची १२ मा दिगो विकासका लक्ष्य अनुसारको वजेट विनियोजन सम्बन्धमा विगत विषयगत मन्त्रालयहरुबाट कार्यक्रमहरुमा

सांकेतिकरण नगरे तापनि सरकारको वार्षिक वजेट तथा कार्यक्रम दिगो विकासका लक्ष्य हासिल गर्ने तर्फ नै उन्मुख रहेको व्यहोरा फेरी पनि अनुरोध गर्न चाहन्छु। नीति तथा कार्यक्रम समावेश विषय छुटेको भन्ने सम्बन्धमा प्रदेश सरकारबाट पेश भएका नीति तथा कार्यक्रम बमोजिमका कार्यक्रमहरु बजेट तर्जुमा गर्दा यथासम्भव छुटाइएको छैन। नीति तथा कार्यक्रमले समेटेका र प्रदेश सरकारको प्राथमिकतामा रहेका कार्यक्रममा रहेका कार्यक्रम सरकारले व्यवस्थाको कार्यान्वयन गर्ने व्यहोरा पनि फेरी जानकारी गराउन चाहन्छु। उत्पादन र रोजगारीमा सिर्जना उत्पादन कसरी हो उत्पादन कसरी हुन्छ यो बजेटले केही बोलेन भन्ने कुराको सन्दर्भमा खेतीयोग्य जमिनमा सिँचाई सुविधा उपलव्ध गराउन, सिँचाईमा प्राथमिकता दिँदै साना सिँचाई कार्यक्रम, साना व्यवसायी फर्म स्थापना र विस्तार, भूउपयोग नीति, प्रमुख खाद्यान्न बालीमा आत्मनिर्भरता, कृषि उत्पादन र ढुवानीमा **तपव** कार्यक्रम, कृषि पकेट क्षेत्र प्रवद्र्धन, विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रम लगायतका कार्यक्रममा कृषि अभिवृद्धि हुनुको अतिरिक्त स्थानीय स्तरमा स्वरोजगार सृजना हुन जाने वातावरण विकास हुनेछ भने उद्यमशीलता घरेलु तथा साना उद्योगको प्रवर्द्धन प्रविधि हस्तान्तरण, १ स्थानीय तह १ उद्योगग्रामको स्थापना जस्ता कार्यक्रमबाट थप रोजगारीको अवसरहरु सृजना हुने व्यहोरा समेत अवगत गराउँदै उल्लेखित कार्यक्रमको अतिरिक्त सामाजिक क्षेत्र, पूर्वाधार विकास क्षेत्र, स्वास्थ्य क्षेत्र लगायतमा संचालित हुने कार्यक्रमबाट पनि थप रोजगारीको सृजना हुने व्यहोरा समेत यहाँ अनुरोध गर्न चाहन्छु । त्यसैगरी बजेट तर्जुमा प्रकृयाको सम्बन्धमा पनि यहाँ कुरा उठेको थियो। अर्थमन्त्रालयले बजेट तर्जुमा एवं कार्यान्वयन दिग्दर्शन बनाएर सोही बमोजिम बजेट तर्जुमा गरेको कुरा म यहाँ अनुरोध गर्न चाहन्छु। आगामी वर्षको लागि बजेट तर्जुमा सिलसिलामा प्रदेश सभाका माननीयहरुसँग औपचारिक रुपमा अर्थमन्त्रालयबाट अन्तरक्रिया गरिएको पनि थियो। यातायात क्षेत्र र मालपोत विज्ञसँग पनि पटक पटक छलफल गरिएको थियो। विषयविज्ञहरुसँग करको दर र दायरा र बजेटसंग सम्बन्धित विषयमा पर्याप्त छलफल गरिएको थियो। योजनाविद्हरु, बुद्धिजीविहरुका बिचमा छलफल गरी वहांहरुबाट प्राप्त सुझावलाई बजेट तर्जुमाको प्रमुख आधारको रुपमा लिइएको कुरा अनुरोध गर्न चाहन्छु। यसका साथै बजेटका सिद्धान्त र प्राथमिकता नीति तथा कार्यक्रम संसदमा पेश भई छलफलका क्रममा माननीयज्यूहरुले दिनुभएका सुझाव र सल्लाहलाई पनि बजेटका कुरामा फेरी पनि एकचोटी स्मरण गराउन चाहन्छ। त्यसै गरी कृषिको सहुलियत र आत्मनिर्भरका सम्बन्धमा पनि केही विषयवस्तुहरु उठेको थियो। कृषि तथा पशुपंक्षी उपजको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न साना व्यवसायिक फर्म स्थापना तथा विस्तार

कार्यक्रम, विभिन्न बालीका बीउ र दूध उत्पादनका आधारमा प्रोत्साहन अनुदान प्रमुख खाद्यान्न बालीको प्रवर्द्धन गर्ने विशेष कार्यक्रम, कृषकलाई उत्पादन र ढुवानीका आधारमा तपव जस्ता कार्यक्रम मार्फत कृषकहरुलाई सहुलियत प्रदान गरी बढोत्तरी गर्ने लक्ष्य लिएको व्यहोरा समेत अनुरोध गर्दै माननीयज्यूहरुलाई गण्डकी प्रदेश दूध, कुखुराको मासु र अण्डामा आत्म निर्भर भइसकेको जानकारी अवगत गराउन चाहन्छु। माथि उल्लेख गरेका क्रमक्रम मार्फत माथि कृषि  कार्यक्रमको क्रमशः आत्मनिर्भर हुँदै जानेगरी प्रस्ताव गरेको व्यहोरा फेरी एक पटक जानकारी गराउन चाहन्छु। बजेटको आकारको सम्बन्धमा पनि कुरा उठेको थियो, त्यो सन्दर्भमा चालु आर्थिक वर्ष प्रदेश सरकारको आन्तरिक स्रोत परिचालन करीव ३ अरव ५० करोड मात्रै रहने अनुमान गरिएको छ। तर चालु खर्चमा मात्रै रु.१३ अरव भन्दा बढी विनियोजन रहेको अवस्था छ। अनिवार्य दायित्व सृजना भएका चालु खर्च व्यवस्थापनका लागि मात्र पनि नेपाल सरकारबाट  प्राप्त हुने स्रोतमा निर्भर रहनु पर्ने बाध्यता एकातिर विद्यमान छ भने,  अर्को तर्फ संविधानले नै प्रदेश सरकारको कर संकलनको क्षेत्रलाई सीमित गरेको छ, हामी सबैले बुझेका छौं। तसर्थ, नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम र प्रदेशको आन्तरिक आयलाई अनुमान गरेर नै बजेटको आकार तय गर्नु पर्ने यथार्थता माननीयज्युहरुलाई अवगत नै भएको कुराहरु हो। यिनै विषयलाई आधारित मानेर अधिकतम परिचालन गर्न सकिने स्रोतलाई आंकलन गरी बजेटलाई यथार्थपूरक र कार्यान्वयन गर्न योग्य गर्ने प्र्रयासहरु बजेटको आकार निर्धारण गरेको कुरा म फेरी सदन समक्ष जानकारी गराउन चाहन्छु। त्यसैगरी स्थानीय तहको जो प्रशासनिक भवनको कुरा पनि यहाँ कतै जोडिएर आएको जस्तो मैले महसुस गरेको थिएँ। नेपाल सरकारले स्थानीय प्रशासनको भवन निर्माण गर्न ६० प्रतिशत अनुदान दिने गरेको छ। प्रदेश सरकारले हालसम्म एउटा स्थनीय तहलाई बढीमा २ करोड सम्म दिने गरिएको छ। प्रदेश सरकारबाट प्राप्त हुने भन्दा नेपाल सरकारबाट प्राप्त हुने अनुदान बढी भयो भने स्थानीय तहले नै नेपाल सरकारबाट नै अनुदान लिएको अवस्था छ। हालसम्म ३४ वटा स्थानीय तहले प्रदेश सरकारबाट प्रशासनिक भवन निर्माणको लागि अनुदान लिएका छन्। प्रदेश सरकारबाट अनुदान लिएका र नेपाल सरकारबाट अनुदान नलिई प्रदेश सरकारबाट लिन चाहने स्थानीय तहलाई प्रशासनिक भवन निर्माणको लागि माग र आवश्यकताका आधारमा बजेट उपलव्ध गराइने छ भनेर पनि यहाँ भनिएको पनि छ। आगामी आर्थिक वर्षमा सो को लागि रु.१५ करोड बजेट विनियोजन गरिएको व्यहोरा पनि म यहाँ जानकारी गराउन चाहन्छु। १ निर्वाचन क्षेत्र १ सडक को सन्दर्भमा पनि केही आशंकाहरु यहाँ व्यक्त भएका छन। हाल संचालित १ निर्वाचन क्षेत्र १

सडक आगामी आर्थिकवर्षमा सम्पन्न हुने गरी बजेट विनियोजन गरिएको छ । आर्थिक वर्ष २०८०/८१ पछि सोही कार्यक्रम अन्तरगत नयाँ सडक आयोजना संचालन हुने व्यहोरा पनि माननीयज्यूहरुलाई जानकारी गराउन चाहन्छु । १ विद्यालय १ स्वास्थ्यकर्मी कार्यक्रमका सन्दर्भमा पनि कुरा उठेको छ। विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि १ विद्यालय १ स्वास्थ्यकर्मी कार्यक्रम संचालनमा ल्याउन प्रस्ताव गरिएको हो। हरेक विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था नहुंदासम्म यस विद्यालयमा स्थानीय तहका स्वास्थ्यचौकी, जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालयहरुसँगको सहकार्यमा अगाडि बढाइने छ। आगामी आर्थिक वर्षहरुमा स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्ने र उनीहरुको क्षमता विकास गरी हरेक विद्यालयमा स्वास्थ्यकर्मी उपलव्ध गराउने नीति अवलम्वन गरिने कुरा फेरी पनि एकचोटी म अवगत गराउन चाहन्छु। बजेट बुँदा नं. १६३ को सामुदायिक संस्थाको जग्गाको स्वामित्व सम्बन्धमा पनि यहाँ कुराकानी उठेको छ। सरकारको कोषमा नागरिकको करबाट संकलन भएको राजश्व रहने र सो रकमको परिचालन र नागरिककै सर्वोपरी हितका लागि खर्च गर्नु पर्ने सरकारको दायित्व हुन्छ। सामुदायिक प्रकृतिका संस्थाहरुमा गरिने लगानी व्यक्तिगत प्रयोजनमा प्रयोग नहुने अवस्था सृजना गर्न, सार्वजनिक जमिनको संरक्षण र जगेर्ना गर्न पनि बजेटमा यो विषय समेटिएको हो। बजेट कार्यान्वन दिग्दर्शन सँगै कार्यविधि निर्माण गरी विकास र समुदायको हितको लागि स्थापित विशुद्ध सामाजिक र सामुदायिक प्रकृतिका संस्थाका भवन निर्माणका लागि प्रदेश सरकारको स्रोत प्रदान गर्न वाधा नहुने व्यवस्था मिलाइने पनि म यहाँ अवगत गराउन चाहन्छु। त्यसैगरी स्थानीय तहमा अल्ट्रासाउण्डको व्यवस्था गर्ने सम्बन्धमा पनि कुरा उठेको थियो। माननीयज्यूहरुले स्थानीय स्तरमा महिलाहरुको स्वास्थ्य परीक्षणको लागि व्यवस्था गरिएको अल्ट्रासाउण्डको जिज्ञासा राखुभएकोमा धन्यवाद दिँदै ग्रामीण गर्भवति महिलाहरुको नियमित स्वास्थ्य परीक्षणमा सहयोगसिद्ध हुने यस्ता महत्वपूर्ण विषयमा प्रदेश सरकारले स्रोत व्यवस्थापन गरेकोमा राम्रै मान्नु पर्ने हो र धन्यवाद दिंदा पनि त्यति फरक पर्ने कुरा होइन। तर त्यसको सट्टा के भनियो भने अब सम्भावना नै नभएको भन्ने विषय सान्दर्भिक देखिंदैन। यो सम्भावना छ। जनस्वास्थ्यको क्षेत्रमा एयरलिफ्टिङ, रगत र रक्तजन्य पदार्थको निशुल्क उपलव्ध गराइरहेको सरकारले यस्ता कार्यक्रमहरुको थप व्यवस्था गरी गण्डकी प्रदेश सरकार, नागरिकको स्वास्थ्य प्रति संवेदन छ भन्ने माननीयज्यूहरुले बुझिनैराखु भएको छ र म एक पटक प्रष्ट पार्न चाहन्छु किनभने अल्ट्रासाउण्ड भनेको गर्भवति महिला खासगरी आमासँग जोडिएको विषय वस्तु हो। यसलाई अलि हल्काफुल्का ढंगले हामीले लिनु हुँदैन कि भन्ने पनि मलाई लागिरहेको छ।

वैकल्पिक सडक मार्ग सम्बन्धमा, स्वभावैले सरकारले दीर्घकालिन विकासको बारेमा ठोस दृष्टिकोण बनाउनु पर्छ, जुन दिगो र कार्यान्वयन योग्य पनि हुनुपर्दछ। पर्यटकीय राजधानीको रुपमा विकास भइरहेको पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण संचालन आइसकेपछि बढ्न सक्ने पर्यटक र सवारी साधनको चापलाई मध्य नजर गरी पर्यटकीयको गन्तव्यका रुपमा रहेका प्रमुख २ गन्तव्यहरु पेखराको लेखनाथको वेगनास, रुपाताल लगायतका जो तालहरु पनि छन् त्यहाँसम्म सहज तवरले समयमै पुग्ने वैकल्पिक मार्गको बारेमा योजना बनाउनु सरकारको कर्तव्य हो। यस्ता वैकल्पिक मार्गका बारेमा योजना बनाउँदा हाल संचालनमा रहेका सडक मार्गको स्तरोन्नति र विकासको निम्ति गण्डकी प्रदेश सरकार सचेत र संवेदनशील रहेको कुरा फेरी एक चोटि म अवगत गराउन चाहन्छु ।

त्यसैगरी सरकारले संचालन गर्ने सबै कार्यक्रमहरु बजेट वक्तव्यमा सम्भव छैन र हुँदैन पनि । नियमति रुपबाट संचालन हुँदै आइरहेको कार्यक्रमहरुलाई वार्षिक बजेट र कार्यक्रम मार्फत समेटिएको हुन्छ । तसर्थ, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान लगायतका प्रतिष्ठानहरु संस्कृति जगेर्नाका लागि संचालनमा रहेका संग्रहालय, स्मारकहरु सम्बन्ध कार्यक्रमहरु वार्षिक विकास बजेट मार्फत संवोधन रहेको कुरा म माननीयज्यूहरुलाई स्पष्ट पार्न  चाहन्छु।प्रदेश सरकारका कोषहरु एकीकृत गर्ने सम्बन्धमा पनि कुरा उठेको थियो। अब प्रदेश सरकार विभिन्न निकायमा छुट्टाछुट्टै कोषहरु रहेको विषयमा महालेखा परिक्षकको कार्यालयबाट वित्तीय अनुशासन हुन नसकेको भनि पटक पटक प्रश्न उठाइएको र सबै कोषहरुलाई प्रदेश सञ्चित कोष मातहत राख्न सुझाव प्रदान गर्ने हुँदा प्रदेश सञ्चित कोष अन्तरगत रहेन गरी छरिएर रहेका कोषहरुलाई एकीकृत गरिने गरी गरिएको व्यवस्था हो, यसले बजेट कार्यान्वयनका सम्बन्धमा कुनै असर नपार्ने विषय पनि म माननीयज्यूहरुलाई अवगत गराउन चाहन्छु। महिला सशक्तिकरणका लागि सहुलियतपूर्ण कर्जाको सम्बन्धमा पनि कुरा उठेको थियो। नेपाल सरकारबाट कर्जा परिचालनको सम्बन्धमा महिलाका लागि थप छुट्टै रहेको प्रदेश सरकारले सक्षम महिला समानान्तर पाईला, सीप विकास र क्षमता अभिवृद्धि लगायतका कार्यक्रम मार्फत विभिन्न कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको छ । नेपाल सरकारबाट प्रदा नगरिने सहुलियतपूर्ण कर्जा प्राप्ति लगायतका कार्यमा प्रदेश सरकारबाट सहजीकरण गरिने कुरा विदितै छ, गरिने छ। प्रदेश सरकारले महिलाका नाममा घरजग्गा रजिष्ट्रेशन गर्दा रजिष्ट्रेशन शुल्कमा ३५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको व्यहोरा पनि माननीयज्यूहरुलाई जानकारी भएकै कुरा भयो। सवारीसाधन, मर्मत वर्कसप दर्ता सम्बन्धमा पनि केही कुराहरु उठेको थियो। सवारीसाधन दर्ता तथा मर्मत वर्कसप कारखाना

सोरुमहरुलाई थप व्यवस्थित गर्न त्यस्ता व्यवसायहरुलाई राजश्वको दायरामा ल्याउन र यिनीहरुलाई दर्ता प्रकृयामा ल्याउन लागिएको हो । यस्ता सम्बन्धित जिल्लाहरुमा नै दर्ता गर्न सकिने मिलाइएको व्यहोरा म सदन समक्ष जानकारी गराउन चाहन्छु। धेरै विषयवस्तुहरु यहाँ उठेका थिए, मैले ति उठेका विषयवस्तुहरुलाई स्पष्टीकरण होइन स्पष्ट पार्नका निमित जुन प्रयास गरैं र म फेरी पनि सबै माननीयज्यूहरुलाई खास गरेर प्रमुख प्रतिपक्षको तपाईं दलका उपनेता, पूर्वअर्थमन्त्रीज्यूले पनि जसरी विषयवस्तुलाई यहाँ उठान गर्नुभएको थियो ।

उहाँप्रति पनि हृदयदेखि नै हार्दिक सम्मान प्रकट गर्दै, धन्यवाद भन्दै जुन महत्वपूर्ण सुझावहरु दिनुभएको छ। मैले अघिनै पनि भनि यी महत्वपूण सुझावहरु प्रदेश सरकारको सम्पत्ति हुने छन्, पूँजी हुने छन् भनेर र सँगसँगै गठवन्धनमा केही समस्याहरु छन् नै, हुन्छन। एउटा दलमा त हुन्छ, एउटा परिवारमा हुन्छ गठवन्धनमा हुँदैन भन्ने होइन। जसरी गठवन्धन निरन्तर अगाडि बढोस भन्ने हिसावले प्रतिपक्षको तर्फबाट सुझाव दिनुभएको छ। साँच्चै तपाईंहरुको विशाल छातीको पनि म सम्मान गर्न चाहन्छु, कदर गर्न चाहन्छु र गठवन्धनभित्रका समस्या के हुन् उसका आन्तरिक के हुन चासो राख्न पाइयो, धेरै नखोतले राम्रो हुन्छ कि भन्ने लागेको छ। फेरी एकचोटी सबै माननीयज्यहरु प्रति हार्दिक आभार प्रकट गर्दै मेरा विषयवस्तुहरु यहीँ अन्त गर्न चाहन्छ। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई मिति २०७९ असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९ माथि गरिएको प्रस्तावमाथि प्रस्तुत गरियोस् भन्ने अनुमति दिन्छु ।

**माननीय अर्थमन्त्री रामजी प्रसाद वराल जीवनः**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७९ साल असार १ गते प्रस्तुत भएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली—२०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयकमाथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, उक्त पदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले मिति २०७९ असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९ माथिको छलफल प्रारम्भ हुन्छ ।

छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेट निर्धारण गरेको छु। निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री विकास लम्साललाई छलफलमा भाग लिन समय दिन्छु ।त्यपछि माननीय सदस्य सरिता गुरुङ ।

**माननीय विकास लम्साल**

माननीय सभामुख महोदय, प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको छलफलमा सहभागी हुन चाहन्छु। अब बजेट वक्तव्य पछि, अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकमा हामी छलफलमा सहभागी हुँदैछौं। करका प्रस्तावहरु जसरी ल्याइएको छ, त्यसले गण्डकी प्रदेशको सरकारको बजेटललाई सहयोग पुर्याउने भन्दा पनि यहाँको एउटा लगानीको वातावरणलाई एकदमै विगार्ने हिसावल यो कर प्रस्तावहरु आएको छ।

सभामुख महोदय, एकदमै इजी कुरालाई कसरी सजिलै गरी पैसा आउँछ त्यो कुरालाई मात्र हेरिएको छ। कर भनेको अलिकति कर लगाएर, बल लगाएर, कन्भिन्स गरेर उठाउने विषय पनि हो। अब अर्थमन्त्रीज्यूले भर्खरै बजेट वक्तव्यको जवाफ  दिनुभयो । अब गन्तव्यहीन बाटोमा हिँडेको यात्रीलाई जति कराए पनि, जति रोके पनि जबरजस्ती अगाडि बढ्ने भनेको के हो त्यो गन्तव्य ठाउँमा पुग्नका लागि जोड गर्ने हो अब यस्तै हिसावले अगाडि बढेको छ । यो यति दुःखलाग्दो अवस्थाछ, अब हामीले हिजो हाम्रो अर्थमन्त्री, मुख्यमन्त्री, म पर्यटनमन्त्री

भएर हामीले पर्यटनबाट, यो ढुंगा, बालुवा, गिटीबाट विभिन्न ठाउँबाट हामीले कसरी करलाई वृद्धि गर्न सकिन्छ भनेर हामीले एउटा व्यवस्थित ट्याकमा ल्याउने कोसिस गरेका थियौं। आज ती सबै चीजहरुलाई भत्काउने, विगार्ने  हिसावले यो कर प्रस्ताव आएका छन। हुन त अब देशनै संघीय संसदमा अनाकृधिकृत व्यवस्थालाई करको प्रस्तावहरु तोकेर एउटा व्यापारीलाई गर्ने मनसायमाथि देखिएको छ त्यो सुन्न परेन, त्यसको लागि हाम्रो गण्डकी प्रदेश सरकारमा भएन, गोपनियता त रह्यो अब मुसाले पनि फुटेज खाएन त्यसलाई पनि खुशी नै मान्नु पर्यो। अब जे चिज हेर्दाखेरी, जे देखिन्छ, हेर्दा खेरी यो म  २—४ वटा कुराहरु भन्न चाहन्छु । गण्डकी प्रदेशको विकासका लागि अथाह सम्भावनाहरु छन् । आज  हामीले विगतमा पनि भनेका थियौं, हामीले हाम्रो राजश्वलाई वृद्धि नगरेसम्म हाम्रो समृद्धी हामीले प्राप्त गर्न सक्दैनौं। यो गण्डकी प्रदेश सरकार हो, यो निकाय होइन। अहिले यो जुन कर प्रस्तावहरु तपाईंहरुले हेर्नुहुन्छ भने, यहाँ संघीय सरकारले जति अनुदान दिने भनेको छ, ऋण दिने भनेको छ, अब यहाँ ऋण लिने भनिएको छ, कानुन बनाउने हो कि  होइन  यो सरकार मंसिर पछि हुने भए त त्यसको आफ्नै सबै हैसियत देखिन्थ्यो, मंसिर पनि जाँदैछ, भनेर सिरियसनेस देखिदैन। यसमा तपाईंले यो घरजग्गामा अलि बढी विभिन्न हिसावले कर वृद्धि गरिएको छ, त्यसलाई यति धेरै गरिएको छ। अहिले देशको सबैभन्दा जनसंख्या भएको, घरजग्गाको भ्यालु भएको काठमाडौं हो। काठमाडौं भन्दा पनि बढी आज हाम्रो यो पोखरामा यो वर्णापत्र गर्दा होस्, नामसारी गर्दा होस्, अरु कुनै ५ करोड भन्दा, ५ अरव भन्दा बढी लगानी गर्दा होस्, सबैमा कर म माननीय अर्थमन्त्रीज्यूलाई वेभसाईट खोलेर हेर्नुहोस्, सात वटै प्रदेशको भन्दा हामीकहाँ ०.५ भएको ठाउँमा १.५ के गर्न खोज्नुभएको हो  त्यसै त सातवटा प्रदेशमा कम पपुलेसन भएको र एउटा लगानी मैत्री वातावरण बनाएर यहाँको विकास र पयटन समृद्धी बनाउनु पर्ने हाम्रो प्रदेश त्यसैमा अब लगानीकर्ताहरु किन जाने पोखरामा  त्यहाँ सबै जग्गा लिँदा महंगो छ, एउटा अनुकूल वातावरण, यो के गर्न खोज्नुभएको हो  यो भएको सम्पूर्ण चिजलाई तपाईंले विगार्न, भत्काउन तपाईंले कहाँ पुर्याउन खोजेको हो यो अलिकति म माननीय मुख्यमन्त्रीज्यूको पनि ध्यानाकर्षण गराउन चाहन्छु। माननीय मुख्मन्त्रीज्यू सरकारको नेतृत्व गर्नुभएको छ । यो मन्त्रीज्यूहरुको बिचमा समन्वय पनि भएन कि, विगतमा मन्त्रीज्यूहरुले भनेका उठाएका, माननीयज्यूहरुले उठाएका कुरा सुन्दा आज उहाँहरु जिम्मेवारीमा हुनुहुन्छ। तपाईंहरुका बिचमा यो संवाद र छलफल भएको जस्तो लाग्दैन मलाई। भन्न त भर्खरै अर्थमन्त्रीज्यूले सबै विज्ञहरु बोलाएर छलफल गरेको, यस्तो सल्लाह कसले दिन्छ कमसेकम यो बजेट त एक आर्कामा रिलेटेड हुन्छ भन्ने कुरा मसिनो गरी  हेरौं न, मैले हिजो सबै डाटा

तानेर हेरें, अब यो नजिकको हकदारमा पनि यो मिस्टेक पनि छ। जस्तै यो नजिकैको नातामा दाइ दिदि बहिनी भयो भने , भाञ्जाभाञ्जीहरुले पाउने भन्ने ठाउँमा भाञ्जाभाञ्जी भन्ने शव्दनै छुटाइदिएको छ, यो नजिकैको हकवालामा जाने भन्ने कुरामा, धेरै त्रुटीहरु, धेरै त्रुटीहरु। यो कर प्रस्तावले के देखिन्छ भने, हामीले विगतमा पनि भन्ने गरेको थियौं। हामी नयाँ संविधान पछि यत्रो १७ हजारको जनताको कत्ल्याम गरेर, अरवौ रुपैयाँको क्षति गरेर, यो समावेसी हिसावले सबैको प्रतिनिधित्व गर्ने हिसावले, समृद्धी गर्ने हिसावले हामी संघीयतामा गएको हो। यसले द्वन्द्व व्यवस्थापन गर्ने, यसले समावेसी राजनीति गर्ने, यसले सम्भावना भएको ठाउँमा हामीले आफ्नो ठाउँको विकास आफैले गर्ने, आज हामीले विदेशी अनुदानका लागि मात्र हारगुहार गरेर अब हाम्रो देश चल्दैन, अब हामीले आफ्नो हातमा सुनको थाल बोकेर भिख माग्न गएर कसैले दिँदैन, दिने मान्छेले उसैको हातमा सुनका थाल छ किन दिने.भन्ने अवस्था छ। आज  हाम्रो सेतो सुन बगेर गएको छ। अहिले जहाँ पनि ढुंगा, बालुवा, गिटीको यहाँ करको अनुसूची बुँदा ६ मा राखुभएको रहेछ । तपाईंले प्रत्येक पालिकामा अहिले पालिकामा मोटरबाटो पुगेको छ। मोटरबाटो पालिकाबाट जहाँनिर खोलामा झर्न सजिलो हुन्छ, त्यहीनिर गएर प्राकृतिक स्रोत साधनको अत्याधिक दोहन गरिएको छ। त्यसलाई हामीले उद्योगग्रामहरुमा ड्याम बनाएर, बगेर आउने चिजहरुलाई संकलन गरेर, स्क्वायर फिटको हिसावले त्यसको क्वालिटीहरु मेन्टिनेन्स गरेर, कुन किसिमको चिप्सहरु कस्तो बन्छ त्यसलाई गर्ने भनेर गण्डकी प्रदेश सरकारले हाम्रो उद्योग पर्यटन मन्त्रालयले अध्ययन  गरायो। ६० सालबाट हामीले यी विभिन्न पहाडहरुलाई पनि उत्खनन् गर्न सकिन्छ। त्यो संघसँग, समन्वय गर्नुपर्यो, स्थानीय तहमा त्यो खानी छ, संघसँग त्यो अधिकार छ, हामीले समन्वय गरेर ल्याउनु पर्ने कुराहरु हामीले त्यो केही गरेका छैनौं । हामीले अब अहिले ७० सालपछि, माननीय मन्त्रीज्यूलाई त ज्ञानै रहैन छ कि  कुनै पनि क्रसर उद्योगहरु दर्ता भएका छैन, तिनीहरु नविकरण भएका छैन, तिनीहरु एउटा कम्पनी ऐन अनुसार दर्ता भएर आएर तिनीहरुले गरेका छन्। त्यसलाई कानुन बनाएर यसबाट एक पैसा पनि राजश्व ल्याउन सक्नु हुन्न। तपाईंले आज यो जुन एउटा कर प्रस्ताव गर्नुभएको छ त्योबाट त्यो कुरा सम्भव छैन। कानुन बनाएर लिएर जाने हो भने, गण्डकी प्रदेश धेरै, आज हाम्रो मुस्ताङमा धेरै ढुंगा, गिटी, बालुवा बगेर आएर वस्तीमा पसेको छ, त्यसलाई प्रकृतिले दिएका चिज निकालेर एक ठाउँमा बनायौं भने भनेर हामीले केही छलफल पनि गर्यौं। हामीले यो गण्डकी प्रदेशका सबै ६३ वटा क्रसर व्यवसायीहरुलाई बोलाएर ल तपाईंहरुका यी ४०—५० हजार मानिसले रोजगारी पनि पाइरहेका छन्, यसलाई जथाभावी नगर्नोस्, त्यसलाई केन्द्रिकृत गरेर ल्याउनुस् र त्यसलाई

कानुन बनाऔं भनेर छलफल भएको थियौं । त्यो कुराले निरन्तरताले पाउनै सकेन। तपाईं एकदम गन्तव्यहिन यात्री जस्तो, एउटा रुमल्लिएर हिँडेजस्तो, तपाईं कुहिरोका कागजस्तो, त्यो सरकारको नेतृत्व गर्ने मुख्यमन्त्रीले मन्त्रीज्यूहरुले यो कुरा गरेको भए पर्यटनबाट, ढुंगा, बालुवा, गिटीबाट, अरु धेरै कृषि आयबाट धेरै कुरा लिन सक्ने थियौं । तपाईंले यो अनुसूच ६ मा धेरै प्रस्तावहरु ल्याउनु भएको छ यसबाट यसबाट तपाईंले कुनै पनि राजश्व लिन सक्ने सम्भावना देखिदैन ।

सभामुख महोदय, अब यो कस्तो भयो भने सिद्धान्त तथा प्राथमिकताको नीति तथा कार्यक्रमसँगको कुनै साईनो छैन, नीति तथा कार्यक्रमको बजेट वक्तव्यसँग साईनो छैन। बजेट वक्तव्यमा आंकलन यति पैसा उठाउँछु भनेको कुराको कर भनेको प्रस्तावसँग मेल खाँदैन। यो यस्तो किसिमको लथालिंगे, भताभुंगे गाईजात्रे चालाले, अब यो मंसिर पछिको निर्वाचित सरकार आएर फेरी यो पुरानो कुरा, यो लगालिंग, भताभुंग भएको बेलामा यो लठपत्र सरकारले गरेको काममा यसलाई छोडिदिम भनेर अर्को सुरु गर्यो भने त, यो बजेटको लस भयो नि, समयको वर्वाद भयो नि यसलाई कसरी चलाउने म अर्थविज्ञहरुसँग पनि म प्रश्न गर्न चाहन्छु । हाम्रा अर्थमन्त्रीज्यूले जबरजस्ती गर्नु हुन्छ कि तपाईंहरुले सल्लाह दिनुहुन्छ कि यो तपाईंले कसरी यो कर प्रस्तावबाट ३५ अरव रुपैयाँ संकलन गर्न सक्नुहुन्छ केन्द्रबाट आउने अनुदान त अब केन्द्रमा पनि अहिले आर्थिक कम छ, यो फ्यूलको कुरा पनि अब गाडीमा १५ हजार भन्दा बढी, हामीका यहाँ धनी मानिसहरुले गाडी किन्ने एकदम न्यून प्रतिशत होला। गाडी किने पनि त्यो पर्यटन व्यवसायमा संचालन गरेर विभिन्न हिसावले गरेका छन् । अब त्यसमा १५ हजार भन्दा बढी कर गरिएको छ खाली त्यो गाडीबाट र घरजग्गाबाट मात्र कर उठाउने कुरा गरेको छ। नयाँ कुनै करको दायरामा जानका लागि, अब यो बजेट वक्तव्यमा के भन्नुभएको छ भने, कर बढाइने छैन, करको क्षेत्र विस्तार गरिने छ। माननीय मन्त्रीज्यूसँग म आँखा जुधाएर कुरा गर्न चाहन्छु, कुन क्षेत्रमा तपाईंले यहाँ बढाउने प्रस्ताव छ भन्नुहोस् त तपाईं खाली इजी मनिको खोजी गरिराख्नु भएको छ, खाली ईर्ष्या गरेर त्यो गाडी चढ्यो भने, त्यो गाडी पर्यटन व्यवसाय गर्नका लागि पर्यटनमा विभिन्न हिसावले गाडी पनि आफ्नो बनाएको, पर्यटनसँग योगदान गर्ने हिसावले। अब पोखराको, गण्डकी प्रदेशको भविष्य संकटमा पर्ने भयो, त्यो भएको पर्यटन व्यवसाय पनि धराशायी हुने भयो, खाली झण्झट दिने। १ वर्षमा नविकरण हुने गाडीलाई ६—६ महिनामा गर्ने भनेर १००० रुपैयाँलाई ५—५ सय दिने भनेर, खाली दुःख दिने, खाली जनतालाई झण्झटमा फसाउने। आज आफ्नै लाइसेन्स आफैले नविकरण गर्ने कुरामा त नगर्ने हाम्रो बानी छ

अहिले हाम्रो त्यो वातावरण बनिसकेको छैन भने झन् त्यसलाई गरेर हामीले कसरी गर्न सक्छौ अब प्रत्येक ६—६ महिनमा यातायात कार्यालयमा लाईन लगाउनका लागि त्यस्ता कुराहरु किन त्यसले के फाइदा हुन्छ त्यसले राजश्व वृद्धि पनि हुँदैन, त्यसले जनतालाई सहजता पनि हुँदैन। यहाँ माननीयज्यूहरु तर्क गर्दै हुनुहुन्थ्यो, त्यो शिशा हेर्नलाई, त्यसको वातावरणको धुवाँ फाल्ने हेर्नलाई त्यो त राम्रै कार्यक्रम रहेछ। यो पुस्तकमा लेखिएको कुरालाई पुष्ट्याईं हुने कुरामा छलफल सहभागी बनौंन।

माननीय सभामुख महोदय, अब धेरै कुराहरु अब यो जुनसुकै कुरामा तपाईंले हेर्नुभयो भने यो लथालिंग र भताभुंग बाहेक केही छैन। यसले अब यो सरकारबाट संचालनबाट कुनै समृद्धीको अपेक्षा गर्नु, यसले कर वृद्धि गर्नु, यसले रोजगारी सृजना गर्नु, अब यो केले आगो ल्यावस् न फुकोस् भने जस्तो। अब यो ६ महिना कुर्नु बाहेक यसको अर्को विकल्प छैन। अब ६ महिनापछि फेरी यो जनताले फेरी यस्तै लथालिंग चाहेछन्, भताभुंग चाहेछन् भने जनताले नै फैसला गर्लान। हामी त प्रतिपक्षको धर्म के हो भने, संसादमा तर्कपूर्ण हिसावले,आज तपाईं जुनसुकै कुरामा अर्थ संकलन गर्ने कुरामा अन्तर्राष्ट्रिय प्रचलन के छ त्यहाँ विकसित देशहरुले कसरी काम गरेका छन् कसरी उनीहरुले करमा सहजतापूर्वक कर तिरेको करको सही ठाउँमा सदुपयोग हुन्न भन्यो भने कर तिर्नेले सबभन्दा ठूलो अप्ठ्योर्याई गर्छ, सबभन्दा ठूलो लफडाईं गर्छ, यसले हाम्रो आएको पैसाले पनि सही ठाउँमा पुष्टयाईं गर्न सक्दैनन् यी डकुमेण्टहरुले, यी दस्तावेजहरुले। अब यो हिसावले कसरी सरकार संचालन हुने हो अब यो ६ महिना दौरासुरुवाल लगाउने, गाडी चढ्ने, मिल्थ्यो भने १६ वटा पनि बनाउनुहुन्थ्यो होला, संविधानले १२ वटा भन्दा मन्त्री बनाउन दिएको छैन। अब यो मामेजमस्ती यही बेलामा अब भोलि के हो के हो गरिहालौं भनेर गर्ने भन्दा बाहेक, अब धेरै आलोचना गर्यो भने फेरी प्रतिपक्षले धेरै आलोचना पनि धेरै आलोचना गर्यो भने प्रतिपक्षले धेरै आलोचना गर्यो भनेर आउला। तपाईंले यो कुराहरु हेर्नोस्, तपाईंले विगतका पनि कानुन र यसका डकुमेन्टहरु हेर्दा उस्तै उस्तै लाग्छन। त्यसको मर्म, त्यसको गहिराई, त्यसका सूचक तपाईंले हेर्नु भयो भने त्यो तपाईंले विगतका ती लिएर आएर, हामीले विगत ३ वर्षमा हाम्रो सरकारले गरेका मन्त्रालय भित्रका अध्ययनहरु, डकुमेन्टहरु, मुख्यमन्त्री कार्यालय, सम्बन्धित मन्त्रालय, अर्थमन्त्रालय बिचको हामीले कति गर्दाखेरी त रिजल्ट निकाल्नलाई हामीलाई माछापोछे भएको थियो। हामी यो वर्ष केही न केही गण्डकी प्रदेशका जनताले आशा गरी गरी रिजल्ट हामीले आशा गरेका थियौं, तर अब दुर्भाग्य, विभिन्न गठवन्धनले, लठपत्रले अब आज राष्ट्रलाई नै लठपत्रको रमिता हेर्ने बाहेक प्रतिपक्षलाई अरु केही उपाय छैन । अब यसको मंसिर नै

कुर्ने हो, जनतासँगै यिनै आवाज लिएर जाने हो, जनतालाई नै यही कुरा सिकाउने हो, सुनाउने हो र जनताबाटै यो लठपत्रलाई ठेगान लगाउने हो, यति भन्दै म आफ्नो भनाई अन्त गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री सरीता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री लेख बहादुर थापा ।

**माननीय सरीता गुरुङ**

माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७९/८० को असार १ गते बजेट वक्तव्य पछि आज यो आर्थिक विधेयक २०७९ सम्बन्धी बनेको विधेयकको बारे छलफल गर्न यस गरिमामय सभामा प्रस्तुत भइराखेको छु ।

माननीय सभामुखज्यू, यो आर्थिक विधेयक यो जनमुखी छ, किनभने यो मलाई लाग्छ १ गते देखि आज २२ गते भइसक्यो। मलाई लाग्छ, यहाँ सबै माननीयज्यूहरु, यहाँ धेरै धेरै विद्वान माननीज्यूहरु हुनुहुन्छ । सबैले पक्कै पनि यो अध्ययन गरेर यसको बारेमा आज यस सभामा छलफल भइराखेको छ। मलाई लाग्छ, यसको जवाफ त सरकारमा बस्ने माननीय मन्त्रीज्यूहरुले दिने हो, यसमा संसदले दिनुपर्छ भन्ने छैन। म आफुले अध्ययन गरे अनुसार, र मैले बुझेको अनुसार यो जनमुखी छ, किनभने मलाई लाग्छ यो गण्डकी प्रदेशको सम्भावनाहरु के के छ चाहे त्यो गिटी, ढुंगा, बालुवामा होस्, चाहे त्यो नदीनालामा होस्, चाहे त्यो वनजंगल होस्, चाहे त्यो घरजग्गा, चाहे त्यो घरजग्गाको कुरा यी सबै अध्यनय गरेर पक्कै पनि विज्ञहरु बसेर र यहाँ माननीय मन्त्रीज्यूहरु र मुख्यमन्त्रीज्यूहरुको छलफलबाट यो बनेको हो मलाई लाग्छ । किनभने यो एकजनाको मनखुशीले बनाएको भए जतिसुकै विद्वान भएपनि केही न केही छुटपुट हुन्छ, तर यो सबैको विचारलाई एकठाउँमा राखेर यसलाई केन्द्रित गरेर बनाएको कारणले गर्दा यो अर्थ विधेयक राम्रो छ। मलाई लाग्छ, यहाँ करको दायराहरु फराकिलो छ, यसमा हामीलाई केही शंका, उपशंकाहरु पनि उठेको छ, तर यी सबै कुराहरु यो छलफलबाटै निस्किने हो हामी सबैले यो अध्ययन गरेरै यसलाई के गर्दा राम्रो हुन्छ भनेर निकालेको कारणले गर्दा यो पक्कै पनि आ.व. २०७९/८० ले एउटा दिशा निर्देश गर्नेछ र गण्डकी प्रदेशको जनतालाई एउटा सुखको अनुभव गर्ने छ र यहाँ एउटा समृद्धीको सुरुवात हुनेछ भन्ने म आफूले विश्वास गरेको छु ।

माननीय सभामुखज्यू, यहाँ विभिन्न कुराहरु आएको छ, किनभने यो गठवन्धन र लठवन्धन भन्ने कुराहरु मलाई त्यस्तो लाग्दैन, किनभने यो कसैले चाहेको होइन, यो परिस्थितिले जबरजस्ती काँग्रेसको नेतृत्वमा यो गठवन्धनको सरकार बन्नु पर्ने पक्कै पनि ध्रुव सत्य हो। यो पक्कै पनि विद्वान माननीयज्यूहरुले महसुस गर्नुभएको छ। एउटा कुरा के भन्न मलाई मन लाग्यो भने, हामी २०७४ सालदेखि म आफू लगायत हामीहरु जसरी जनताको सेवा गर्छु भनेर एउटा सांसद भएर आएको थिएँ र अब ५ वर्ष भएर पनि विदा हुँदैछु। त्यसैले हामीले त्यो मिठो स्वाद चाखेको छैन, यही नै मलाई लाखौ मीठो भएको छ । त्यसैले जस जसले स्वाद चाख्यो त्यस त्यसलाई अहिले गाह्रो भयो होला, अप्ठ्यारो भयो होला प्रतिपक्षमा बस्दा। म त्यहाँ बसेको भए अहिले यो वर्ष म यो गर्थ्यो, गत वर्ष त्यो गर्थ्यो, गत वर्ष यो गर्थ्यो, ३ वर्ष सम्म त मैले लागेको, हामीले चाहेको कुरा गर्न पायो तर दुर्भाग्य २ वर्ष गयो भन्ने यहाँलाई लाग्यो होला। तर मलाई त हामीले त जे गर्छौ भनेर आएका थियौं, सांसद हुँदैमा मन्त्री हुन्छ भन्ने छैन, तर सांसद भने भनेको एउटा सक्षम क्याफेल भएर आएको हुन्छ। त्यो व्यक्ति किनभने एउटा जनप्रतिनिधि भएर आइसकेपछि कुनै भाषणशैलीमा राम्रो हुनेछ, कुनै लेखनशैलीमा राम्रो हुनेछ कसैको चर्को बोल्ने छ तर केहि न केहिमा नेतृत्व सफल भएर यहाँ आएको हुन्छ । तैपनि मलाई त्यस्तो लाग्दैन, किनभने मैले त्यस्तो स्वाद चाखिएन। त्यसैले मलाई यही प्रतिपक्षमा हुँदा पनि किन नगरेको होला भन्ने लागेको थियो। अहिले पनि कति कुराहरु सबैकुरा ठिक छ राम्रो छ काँग्रेसको नेतृत्वमा आएको म आफू पनि त्यति उत्साहित सबै कुरामा छैन। अब एउटा मात्र एउटा व्यक्तिगत सुझाव के छ भने मृत्यु पछिको घरजग्गाको नामसारीमा शुल्कको कुरा, यातायातमा बढाएको करको त्यो शीशीको कुराहरु छन। अझ त्यो गाडी चढ्नेहरुलाई अझ बढी थाहा हुन्छ त्यो शिशि भनेको के हो भन्ने । कति शीशीको कति पावर हुन्छ भन्ने कुरा। मलाई लाग्छ त्यो पावरफुल भएकै कारणले होला त्यसमा बढी भएको देखें त्यो पुस्तकमा । ती कुराहरुलाई पनि परिमार्जित गर्न सकिन्छ । यो वर्षको २ पल्ट नविकरण गर्नु पर्ने, यातायातमा जानु पर्ने भन्ने कुरालाई एउटा त हामीले राम्रोसंग क्लियर भएन बुझ्न सकेन, आज बुझ्दा बुझ्दा पनि त्यसलाई अलिकति नकारात्मक ढंगले यसलाई व्याख्या गर्ने हो कि भन्ने विचारमा हाम्रो विकास भयो कि अर्को कुरा, फेरी हामीहरुको बानी कति वर्षसम्म नविकरण गर्दैन आफ्नो सवारीको भन्ने हाम्रो सोच, त्यो नर्गेलाई सुधार्ने हो नि त। हामी जनप्रतिनिधि भनेको हामी एउटा नीति नियम रे तहमा आइसकेपछि, जो जसले, जो साधन चढ्छ, जसले साधन चलाउँछ, जसले साधन खरिद बिक्री गर्छ त्यसले आफ्नो नाउँमा भएको नविकरण गर्न सक्नुपर्यो नि त । त्यो बानी सुधार्ने,

हामी एउटा जनप्रतिनिधिले वानीको विकास गर्ने, नकारात्मकलाई सकारात्मक गर्ने, एउटा राम्रो परम्पराको विकास गर्ने हो। त्यसैले म त्यसलाई बजारमा एउटा उल्टो तरिकाले व्याख्या गर्दा माननीय विद्धानज्यूहरु, माननीयज्यूहरुले यसले गर्दा आफ्नो व्यक्तिगतमा केही लाञ्छना लाग्छ कि उहाँ त हामीले एउटा जनप्रतिनिधि भएर पठाएको व्यक्ति तर सदनमा गएर बुझेको भन्दा उल्टो कुराको व्याख्या गर्नु हुँदोरहेछ अथवा नाकारात्मक सोच्दोरहेछ भन्ने यहाँलाई नपरोस्, किनभने मलाई यो पक्कै लाग्यो यो वर्षको २ पटक भन्ने कुरा होइन नि त, यो उल्टो कुरा भइरहेको छ, यि कुराहरुलाई पनि ध्यानमा राख्नु पर्छ भन्ने मेरो सुझाव पनि छ, अनुरोध पनि छ। म त यो मृत्युपछि अंशवण्डा गरिसकेपछि बुवाको मृत्युपछि आमाको नाउँमा र फेरी आमाको मृत्यु पछि छोराको नाउँमा भन्ने यो कुरा हामी सबैलाई थाहै छ। त्यो अलिकति मृत्यु भन्ने शब्द हुन त हामी यो धर्तिमा जन्मिसकेपछि कुनै पनि कुरा सत्य छैन किनभने हुन्छ भन्ने कुरा हुँदैन, हुँदैन भन्ने कुरा हुने गर्छ। तर जन्मेपछि मृत्यु भन्ने कुरा त हामीले जन्मिदै एउटा सर्टिफिकेट लिएर आएको हुन्छ प्रमाण—पत्र लिएर आएको हुन्छ र यो पक्कै मर्छ, मृत्यु हुन्छ तैपनि मृत्यु भइसकेको पछि वडाको सिफारिस लान्छ, आफ्नो पालिकाको सिफारिस लाग्ने हुन्छ, त्यो भइसकेपछि त्यसमा अलिकति कर बढेको जस्तो देखिएको छ। मृत्यु पछिको घरजग्गाको नामसारीलाई अलिकता संवेदनशील भएकै कारणले गर्दाखेरी यसलाई अलिकति परिमार्जित अथवा सुधार गर्नुपर्छ भन्ने मलाई लागेको छ। गाडी किन्ने, गाडी चढ्नेहरुलाई त्यस्तो मर्का के हुन्छ भन्ने पनि सबैले अलिकति अनुभूति गरिसकेको छ। त्यत्रो गाडी चढ्न सकदा त्यति कर तिर्न सक्दैन भनेर भन्न त सजिलो हुन्छ । तैपनि कति कुराहरु वाध्यताले पनि हुन्छ, त्यसकारण त्यो भएको कारणले गर्दा त्यो यातायातको करमा पनि अलिकति परिमार्जन गरिदिन यो मेरो नितान्त व्यक्तिगत सुझाव हो। अर्को के भन्न चाहन्छु भने, यो आर्थिक विधेयक जनमुखी छ, यो सबैलाई समेटेको छ, गण्डकी प्रदेशको चाहे त्यो प्राकृतिक साधनको कुरा होस्, चाहे त्यो विद्युतीय कुरा होस्, कुनै पनि कुरामा सवैलाई अध्ययन गरेर यसलाई राखेको हुँदा यो विद्वान माननीयज्यूहरु, विद्वान मन्त्रीज्यहरु यसको विज्ञहरुलाई राखेर गरिएको हो भन्ने मलाई लाग्यो मैले अध्ययन गर्दा। त्यसैले यो राम्रो छ, जनमुखी । यसमा म र मेरो दलको समर्थन रहेको जानकारी गराउँदै विदा हुन्छु। धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री लेख बहादुर थापा मगरलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री पियारी थापा ।

**माननीय लेख बहादुर थापा मगर**

माननीय सभामुख महोदय, प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९/८० माथि छलफलमा केन्द्रित भइरहेका छौं। मलाई लाग्छ यो विधेयक मुख्य गरी आर्थिक अनुशासन कायम गर्नका निम्ति महत्वपूर्ण छ। कर लगाउन तथा राजश्व संकलन गर्न, अनि राजश्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्नको निम्ति यो विधेयक अनिवार्य छ र यस विधेयकमा १२ वटा दफाहरु छन्, ६ वटा अनुसूचीहरु छन् र विविध व्याख्यासहित, टिप्पणीसहित विधेयक तयार गरिएको छ। सरसर्ती विधेयकलाई अध्ययन गर्दा विधेयकमा के देखिन्छ भने, विधेयकले कर तथा राजश्व र शुल्क निर्धारण गर्नको निम्ति करको दरहरु घटाउन, बढाउन आंसिक करहरु लिन, पूरै करहरु लिन, आंशिक तथा पूरै करको छुट दिन, आंशिक तथा पूरै करहरुको छुट दिन सक्ने व्यवस्था यस विधेयकमा पाइन्छ। स्थानीय सरकारले उठाउने करहरु र प्रदेश सरकारले उठाउने करहरुको क्षेत्रगत किटानी गरिएको छ। जसमा स्थानीय सरकारबाट उठाउने करहरु मनोरञ्जन कर यसको अनुसूची–३ मा व्यवस्था गरिएको छ। विज्ञापन कर स्थानीय तहले नै उठाउने क्षेत्रमा किटान गरिएको छ। अनि घरजग्गा रजिष्ट्रेशन तथा मालपोतबाट उठाउने विभिन्न स्वास्थ्य सम्बन्धी करहरु अनुसूची–१ मा व्यवस्था गरिएको छ। प्राकृतिक सेवा शुल्क ढुंगा, गिटी, बालुवा जस्ता क्षेत्रहरुमा स्थानीय तहले नै उठाउने गरी अनुसूची–६ मा व्यवस्था गरिएको छ र स्थानीय तह मार्फत ४ वटा क्षेत्रमा कर उठाउने प्रावधान तयारी गरिएको छ र प्रदेश सरकारले पनि कर उठाउने प्रावधान अनुसार ३ वटा क्षेत्रमा प्रदेश सरकारले कर उठाउने व्यवस्था गरिएको छ। प्रदेश सरकार आफैले उठाएर प्रदेश सरकारमै सञ्चित रहने करमा कृषि आयमा कर एकल ढंगले उठाउने यो अनुसूची–४ मा व्यवस्था गरिएको छ जसमा १० लाखसम्म कर नलिने त्यसले साना तथा मध्यम स्तरको किसानलाई सहुलियत प्रदान गरिएको छ तर ठूला किसानहरु १० लाख भन्दा माथि २० लाखसम्म १ प्रतिशत, २० लाख भन्दा माथि २ प्रतिशतको दरले कर लिने व्यवस्था गरिएको छ। यो ठूला व्यवसायी किसानहरुलाइ मात्र कर लिने नीति लिएको छ। अनि सवारीसाधन कर स्थानीय तहलाई पनि बाँडफाँड गर्न मिल्ने गरी अनुसूची–२ मा व्यवस्थित गरिएको छ। पर्यटन शुल्क कर पनि स्थानीय तहमा बाँडफाँड हुन्छ त्यसमा आफैले निर्माण गरेको पर्यटन सेक्टरमा मात्रै कर उठाउने प्रावधान

यसले व्यवस्था गरेको छ र मुख्य यो अनुसूची—५ मा यसलाई व्यवस्थित गरिएको छ। यसरी हेर्दा ४ वटा क्षेत्रमा स्थानीय तहबाट उठाउने कर र प्रदेश सरकारबाट ३ वटा क्षेत्रमा प्रदेश सरकारले उठाउने करको व्यवस्थापन गरेको यहाँ देखिन्छ। मलाई लाग्छ, कुनै पनि ठोस प्रकृयाहरु सहजीकरण गर्ने, सरलीकरण गर्ने व्यवस्था र वाधा अड्काउ फुकाउन सक्ने प्रावधानहरु यसमा राखिएको छ जसले भोलि भवितव्यहरु, राष्ट्रिय समस्याहरु आएको अवस्था जस्तै कोभिड आएको अवस्थामा व्यवसायलाई कर छुट दिन सक्ने कुरा र पछि अन्य विभिन्न प्राकृतिक विपत्तिहरु आउन सक्छन् त्यस्तो अवस्थामा करलाई छुट दिन सकिने, थपघट गर्न सकिने यो व्यवस्थापन यहाँ राखिएको छ, मलाई यो एउटा महत्वपूर्ण पक्ष हो जस्तो मलाई लाग्छ। मलाई लाग्छ, बजेटको बारेमा सामान्यीकरण बजेट, समपूरक बजेट, सशर्त बजेट र विशेष बजेट यी बजेटहरुको अलावा सरकारको  आफ्नै आन्तरिक आय, आन्तरिक राजश्व आफ्नै आयस्रोत हुनुपर्छ। स्थानीय तहको पनि आफ्नै आयस्रोतको मार्फत त्यहाँका पदाधिकारीहरुले सेवा सुविधा लिन सक्छन्। त्यसो हनाले करको एउटा महत्वपूर्ण भूमिका हुने भएको हुनाले यो विधेयक पास नगर्दाको अवस्थामा पनि स्थानीय तहले पनि कर कायम गर्न सकेन, कार्यान्वयन गर्न सक्दैन, लागु गर्न सक्दैन र करलाई व्यवस्थित गर्न सक्दैन र त्यसकारण यो विधेयक अपरिहार्य, अनिवार्य पारित गरेर छिटै कार्यान्वयनमा लगिहाल्नु पर्ने त्यस्तो स्थिति म देख्छु। राजश्व र कर किन जरुरी छ भने मलाई लाग्छ भने सरकारको जिम्मेवारी केही छन्, निश्चय पनि सरकारको जिम्मेवारी छ। मुख्य गरी सरकारको जिम्मेवारीमा जनताका यावत समस्याहरु हामीले संवोधन गर्नु पर्ने, जनताको राजनीतिक समस्यालाई हल गर्नु पर्ने, आर्थिक समस्यालाई हल गर्नु पर्ने, सामाजिक समस्यालाई हल गर्नु पर्ने, सांस्कृतिक समस्यालाई हल गर्नु पर्ने। यसो गर्दै विकास र समृद्धीको यात्रामा अघि बढाउनु पर्ने सरकारको मुख्य दायित्व हुन्छ, त्यसैले त्यसको निम्ति हामीलाई बजेट अनिवार्य छ। अर्थ प्रणाली व्यवस्थित गर्नु अनिवार्य हुन्छ, त्यस्तैगरी जनजीवनको सवालमा हेर्नु पर्दा जनताको गाँस, वास, कपासको समस्याहरु, स्वास्थ्य शिक्षा, रोजगारको समस्यालाई अभिवृद्धि गर्नको निम्ति र जनतालाई आत्मनिर्भर बन्नको निम्ति सरकारको मुख्य  दायित्व हुन्छ त्यसको लागि पनि अर्थको विशेष भूमिका त्यहाँ रहन्छ। जनताको तर्फबाट अथवा नीजि क्षेत्रको तर्फबाट हेर्दा के देखिन्छ भने, नीजि क्षेत्र र जनताको दायित्व के छ भन्दा सरकारलाई कर तथा राजश्व तिर्नु र राष्ट्र निर्माणमा सहयोग पुर्याउनु  नीजि क्षेत्रको भूमिका र जनताको भूमिका यो रहन्छ। यसरी हामीले हेर्दा यो क्षेत्रलाई व्यवस्थित गर्ने सन्दर्भमा सरकारतर्फबाट व्यवस्थापन गर्नको निम्ति प्रशासनिक कार्यहरु मुख्यगरी सरकारबाट प्रशासनिक कार्यालय

देखि जिम्मेवारीलाई तहगत रुपमा सरकारले व्यवस्थित गर्ने कुरामा लाग्नु पर्ने जस्तो म देख्छु। यो भूमिका सरकारको र नीजि क्षेत्रको रहने गर्छ जस्तो मलाई लाग्छ। मलाई लाग्छ, यसमा केही विशेषताहरु पनि छन् यो विधेयकमा, यसको विशेष हेर्दा के लाग्छ भने, कर तथा  राजश्व तिर्ने कुराहरु, र यो प्रणालीको व्यवस्थित गर्नेकामहरु विधेयकले गरेको छ। अनिवार्य कर तिर्नु पर्ने, कर करकै रुपमा तिर्नु पर्ने तर कर तिर्ने बारेमा अलि फराकिलो हृदय लिएर तिर्नु पर्ने स्थिति र एउटा खुशी दिलले तिर्ने स्थिति बनाउनु पर्ने त्यो दायित्वको रुपमा हामीले यो विधेयकलाई देख्न सकिन्छ्। कर राजश्वको बारेमा छली गर्ने प्रथालाई न्यूनिकरण गर्ने कुरा पनि यो विधेयकले  अगाडि बढाएको छ। कर छल्नु हुन्न, राज्यलाई कर तिर्नु पर्छ, राज्यलाई हामीले कर तिरेर मात्रै राज्य बलियो हुन्छ भन्ने कुरा वोध गराउने कुरा भने विधेयकको मुख्य कुरा त्यहाँ केन्द्रित भएको देखिन्छ। कर र राजश्वको सन्दर्भमा करको दायरा फराकिलो बनाउने, सबैले कर तिर्ने त्यो वातावरण बनाउने कुरा पनि विधेयकले एकिन गरेको देखिन्छ। स्थानीय तह र प्रदेश सरकारको क्षेत्रगत भूमिकालाई किटान गरेको अवस्था छ यो  विशेषता देखिन्छ। अर्को के छ भने जब  समुदाय र सरकार  बिचको अन्तरसम्बन्ध एउटा सौहार्द र समृद्ध बनाउने कुरामा यो विधेयकले  आफ्नो  अभिभारा तयार गर्न सकिने स्थिति बनेको छ त्यसैले यो अर्थ सम्बन्धी विधेयक यो मलाई लाग्छ धेरै महत्वपूर्ण छ। मलाई के सुझाव दिन मन लागेको छ भने, केही विषयहरु माननीयज्यूले पनि कुरा उठाउनु भएको छ, यो मुख्य गरी अनुसूची—१ भन्नाले मालपोत घरजग्गा रजिष्ट्रेशन करको अनुसूची—१ को ख मा सेवा शुल्क राखिएको छ, त्यो सेवा शुल्कमा त्यसको २ नं. कोलममा वित्तीय धितोको बारेमा नेपाल राष्ट्र बैंकबाट वित्तिय कारोवार गर्न स्वीकृत प्राप्त बैंक, वित्तिय तथा सरकारी संस्थाबाट दिने धितो वन्धक र दृष्टि वन्दक शुल्कको रसिद बैंकको सेवा लिने सेवाग्राहीको नाममा हुनु पर्ने र लिखतमा देहायबमोजिम शुल्क लाग्ने र थप धितोको लागि लाग्ने रोक्का शुल्कको सम्बन्धमा थप थैली अङ्क समेत जोडेर कायम हुन आउने थैली अंकको २५ प्रतिशत रोक्का शुल्क  लाग्ने र वचत तथा ऋण सहकार्यलाई समेत सोही बराबर लाग्ने गरी व्यवस्था गरिएको रहेछ । यसो गर्दा के हुने भयो भने, धेरै कर तिर्नुपर्ने स्थिति बढ्ने देखियो। मलाई  लाग्छ, यो अलिकति सही भएन, यसलाई सच्याउनु पर्छ, यसमा के भने थैली अंकको भन्दा पछाडि एउटा बुँदा थप्दा ठिक हुन्छ जस्तो मलाई लाग्छ । यसमा थप्ने  कुरा के भने सेवा शुल्कमा थैली अंकको सेवा शुल्कमा हुनु पर्ने भन्ने शब्द राख्नु पर्छ यो छुट्न गयो जस्तो मलाई लाग्छ। त्यो सेवा शुल्क भन्यो भने त्यहाँ महत्वपूर्ण कुरा केही आउँछन् जस्तो मलाई लाग्छ त्यसले सेवा शुल्क भनेको कुरा थैली अंक पछाडि त्यहाँ थप्न जरुरी छ

भन्ने देख्छु। यही सेवा शुल्क खण्डको झ मा अरु सबै ठिकै छ, यो झ मा अरु सबै त ठिकै छ, यो झ मा ५ करोड भन्दा बढी रु. १५ करोड सम्मको थैली अंकमा भनेको क्षेत्रमा त्यसमा कोलमहरु महानगर, उपमहानगर, नगरपालिका गाउँपालिका कोलमहरु छन् । अब यहाँ गाउँपालिकाको लागि १ लाख ५० हजार, न.पा. को लागि पनि १ लाख ५० हजार र म.न.पा. को लागि १५ हजार मात्रै देखियो। यो मलाई लाग्छ, यो मुख्य गरी कम्प्यूटर शाखाबाट भनौं न यो प्रिन्ट मिस्टेक होला, यसमा १५ हजार होइन यहाँ ० अंक थप्नु पर्ने र १ लाख ५० हजारै कायम गर्नु पर्ने महानगरपालिका उपमहानगरपालिकाको हकमा भन्ने देखिन्छ मलाई लाग्छ, यो सच्याउनु पर्नेछ यति गर्यो भने यो महत्वपूर्ण विधेयक समृद्ध र व्यवस्थित हुन्छ भन्ने मलाई लागेको विशेषताहरु इसको पक्षमा सुझावहरु यहीं केन्द्रित गर्दै म यहाँ विदा चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न विधेयक अर्थात कर सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेकको छलफलको क्रममा छौं । यो छलफलका लागि आफ्ना भनाईहरु राख्नका निमित्त समय प्रदान गर्न‌ु भएको छ सभामुख प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै, मेरा आफ्ना केही छलफललाई अगाडि बढाउन अनुमति चाहन्छु। वास्तवमा यो विधेयक कर लगाउने र शुल्क उठाउने कारणबाट मात्रै अभिप्रेरित छ जस्तो मलाई लागिरहेको छ। यसको उद्देश्यबाट वञ्चित छ कि जस्तो मलाई अनुभूति भइरहेको छ, किनभने कर लगाउने अर्थात् कर राजश्वको उद्देश्य हो न्यूनतम कर राजश्व कुन ग्राहस्थ उत्पादन अनुपातबाट अधिकतम प्रति व्यक्ति आय वृद्धि तर हामीकहाँ उल्टो छ, सबैभन्दा बढी कर राजश्व कूल गाह्रस्थबाट न्यूनतम आर्थिक बृद्धिदर यसको मतलव हो नेपालमा उठाइएको कर राजश्व दुरुपोग भइरहेको छ भन्ने नै हो। अहिले यत्रतत्र सर्वत्र एउटा चर्चाको विषय बनिरहेको छ, मैल यहाँ राख्नै पर्छ जस्तो मलाई लागेको छ। त्यसकारणले म त्यो विषयलाई पनि यहाँ राख्नु पर्छ भन्ने कुराहरु पनि म यहाँ राख्न चाहन्छु, कि युवा जति खाडीमा, जनता जति अत्याधिक करको भारीमा राज्य संयन्त्रका, पदाधिकारी, कर्मचारीहरु विलासी गाडीमा । यो खाल प्रवृत्ति यो खालको हाम्रो चालचलनले गर्दा जनताहरुमा सोझै रुपमा अर्थात जनताहरुले सहजै रुपमा मैले कर तिरें,

तिर्नु पर्छ र त्यो करको सही सदुपयोग हुन्छ र त्यो कर तिरेवापत मेरो देशले आर्थिक समृद्धी हासिल गर्छ, मेरो प्रति व्यक्ति आम्दानी वृद्धि हुन्छ भन्ने कुरामा विश्वास छैन। त्यसकारण अहिले हामी जबरजस्ती रुपमा कर तिर, कर तिर भनेर हामीले घोत्र्याइराखेको छौं तर त्यो करा तिर्न सक्षम छन् कि छैनन् अथवा त्यो कर तिर्नका लागी उनीहरु सक्षमा भए कि भएनन् त्यसका लागि हामीले दिनु पर्ने सुविधा के थिए त्यसकारण त्यो विषयमा हामी गहन रुपमा काम गर्न सकेका छौं कि छैनौं । त्यसकारणले गर्दा यो विषयमा सरकारलाई मैले गहन हुनका लागि अनुरोध गर्न चाहन्छु । मैले बारम्वार उठाउने विषय नै यही हो, कर तिर्नका लागि हामीले तिर्ने वातावरण सृजना गरिदिने हो नि त । कर तिर्नका लागि वाध्यात्मक सृजना गरिदिने होइन, कर स्वतस्मूर्त रुपमा मान्छेले मैले राज्यप्रति वफादार हुनू पर्छ किन भने राज्य मप्रति वफादार छ। राज्यले मेरो लागि काम गरिरहेको छ अर्थात् मेरो सुविधाको लागि गरिरहेको छ र देशले आर्थिक समृद्धी लिइरहेको छ मतलव हामीहरुको आर्थिक प्रति व्यक्ति आम्दानीहरु वृद्धि भएको छ भन्ने कुराको अनुभूति गराउनु पर्यो नि हामीले, त्यो हुन सकिरहेको छैन। हामीले त्यो कर राजश्वलाई अत्याधिक गरिराखेका छौं। कर राजश्वलाई अत्याधिक वृद्धि गर्ने कुरा यो दक्षिण एशियामा अत्यन्तै ठूलो समस्या नेपाल हो। त्यो नेपालको पनि हाम्रो गण्डकी प्रदेशमा अहिले जुन खालको आइरहेको छ त्यो करको दर बढाउने कुरा आएको छ, त्यसमा हाम्रो दलको तर्फबाट त्यो सही होइन भन्ने कुरा म राख्न चाहन्छु, किनभने हाम्रो दलले त्यसलाई सही मान्दैन। करको दायरा वृद्धि गरौं न बरु, नयाँ नयाँ करका स्रोतहरुको खोजि गरौं। अहिले थुप्रै असंगठित थुप्रै प्रकारका आर्थिक गतिविधिहरु भइरहेको छ, त्यो अवैधानिक रुपमा आर्थिक गतिविधिहरु भइरहेको छ, राज्यको आँखा त्यतातिर पर्दैन किनभने राज्यले त्यो ठाउँलाई अथवा ती करको दायरा भन्दा बाहिर रहेका त्यो क्षेत्रहरुलाई असंगठित क्षेत्रमा रहेका धेरै प्रकारका आर्थिक गतिविधि संचालन गर्ने अवैध प्रकारले संचालन गर्ने क्षेत्रलाई करको दायरामा ल्याउनु पर्थ्यो त्यो पनि न्यूनतम दरमा त्यो हुन सकेको छैन। त्यसकारणले गर्दा त्यो खालको अहिले जुन परिस्थिति, अहिले जनताहरुमा, करदाताहरुमा असन्तुष्टि पैदा भइरहेको छ। वास्तवमा हुनु पर्थ्यो के भने करदाता र अन्योन्याश्रित हुनु पर्थ्यो तर अहिले समय उल्टो छ। जनताहरुले मैले किन कर तिर्ने राज्य पक्षमा बस्ने त वफादारी छैन भने म किन वफादार बनौं अर्थात त्यो खालको कर छलिको शृंखला पैदा भइरहेको छ, भन्नुको मतलव मेरा प्रश्न केमा हो भने कर छलि गर्नु पर्छ भन्नेमा होइन । तर यथार्थमा यही खालको पस्थिति छ, करबाट कर उठाउने विषयमा ति जनताहरुलाई हामीले कन्भिन्स गर्ने कुरा जनताहरुलाई अलि बढी कर तिर्नु पर्छ भन्ने दायित्व वोध गराउने प्रति

हाम्रो ध्यान पुगेन भन्नु नै हो। अर्को कुरा, यो फेरी मैले मिथ्याको आरोप मैले तपाईंलाई लगाएको छैन, यो समग्र रुपमा हेर्ने हो भने करको दायरा बढ्नु पर्नेमा दर बढिरहेको छ। यो दर बढ्ने कुरा अहिले घरजग्गा रजिष्ट्रेशन करहरुमा, अंशवण्डामा पनि त्यो खालको व्यापक रुपमा कर वृद्धि भएको छ । एउटा बाउले आफ्ना छोराछोरीलाई सम्पत्ति दिँदा त्यो अंशवण्डा गर्दा अत्याधिक रुपमा उसले त्यो खालको कर तिर्नु पर्ने परिस्थिति छ, त्यो आम्दानी होइन नि त, आम्दानीमा कर लगाउने कुरा ठिक हो, सही हो, त्यो पनि न्यूनतम कर। तर आम्दानी होइन त्यो आफ्नो जग्गा मेरो जग्गा मैले मेरो छोराछोरीको नाममा गर्नुपर्दा त्यो खालको कर अत्याधिक रुपमा तिर्नु पर्ने परिस्थिति त्यो सही होइन यसलाई सच्याउन पर्ने मैले सुझाव दिन चाहन्छु। अर्को विद्युतीय सवारी साधनमा लगाइएको कर पनि त्यो उचित छैन। अहिले हामी डिजेल, पेट्रोलियम पदार्थको विकल्प खोजिरहेका छौं, त्यो विकल्प के हो भने विद्युतीय सवारी साधन, विद्युतीय सवारीसाधनलाई हामीलेत बजारमा आउनका लागि अभिप्रेरित गर्ने हो, उनीहरुलाई सहजीकरण गरिदिने हो, र उनीहरुलाई बजारमा अथवा बजारमा प्रतिस्पर्धामा आउनको लागि त्यो खालको लगानीकर्ताहरु बजारसम्म ल्याउने हामीले त त्यो खालको प्रावधान सृजना गर्ने हो उनीहरुलाई निस्तेज बनाउने होइन। त्यस कारणले गर्दा यो विद्युतीय सवारी साधनमा लगाइएको कर पनि प्रगतिशिल छैन त्यसलाई पनि हामीले विचार गर्नु पर्ने हुन्छ र यो कुरा पनि यहां राख्न चाहन्छु। थप लगानीकर्ताहरु भित्र्याउने कुरा थप लगानीकर्ता राज्यसँग अहिले कति छ गण्डकी प्रदेशमा कति छ ? नयाँ लगानीहरु कति आए भन्ने कुरा सायद तथ्यांक छैन होला ।किनभने थप लगानीकर्ता नआउनुको मुख्य कारण के हो भने हामीले अत्याधिक रुपमा करको दर बढाएका छौं त्यस कारणले गर्दा थप लगानीकर्ताको आकर्षण घटिरहेको छ भन्ने कुराहरु हामीले ध्यान दिनुपर्छ। त्यसकारण थप लगानीकर्ताहरु भित्र्याउने कुरा, र थप त्यो करका दायराहरु अथवा करका क्षेत्रहरु निर्धारण गर्ने कुरा, करका क्षेत्रहरु खोज्ने गर्ने कुरामा विशेष ध्यान दिइयोस् भन्ने कुराहरु ध्यानमा राख्दै र त्यो समग्रमा दर बढाउने कुरालाई सहि मान्दैनौं त्यो दरलाई बढाउने कुरा होइन त्यो दायरा बढिउने कुरालाई म फेरी पनि अनुरोध गर्दै मेरो आफ्नो छोटो भनाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो वैठक १ बजेसम्मको लागि स्थगित हुन्छ ।

# भर्वेटिममा संलग्न

| तयार गर्ने | रुजु गर्ने | कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ् |
|---|---|---|
| कन्चन कम्प्युटर सेवा<br>न्यूरोड, पोखरा । | टंक प्रसाद शर्मा वाग्ले<br>अधिकृत (छैटौं )<br>तोयानाथ तिमिल्सिना<br>अधिकृत (छैटौं )<br>सुर्य बहादुर बानिया<br>ना.सु | सबिता कुमारी शर्मा<br>माइक संचालक |

## प्रमाणित गर्ने

हरिराज पोखरेल
प्रदेश सभा सचिव